नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(..........................................शाखा)
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या :- ०७९/८०
चलानी नं. :- १२

सानोठिमी, भक्तपुर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

मिति : २०७९।०४।०६

**विषय: प्रगति विवरण प्रविष्टी सम्वन्धमा ।**

श्री स्थानीय तहहरू ७५३
सबै ।

प्रस्तुत विषयमा आव २०७८/७९ मा स्थानीय तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको प्रगति विवरण पेश गर्ने सम्बन्धमा यस केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को वेब पोर्टल iemis.cehrd.gov.np मा भएको बार्षिक प्रगति प्रतिवेदन सम्बन्धी Excel file मा देहायबमोजिमको मार्गदर्शन र प्रक्रियाबमोजिम प्रगति विवरण तयार गरी यथाशिघ्र अपलोड/प्रविष्टी गर्ने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

०७९।४।८

प्रकाश कुमार खरेल
शाखा अधिकृत

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइटः www.doe.gov.np, इमेलः doestat@mos.com.np, doedg@mos.com.np

## प्रगति विवरण तयारी तथा सम्प्रेषण सम्बन्धी मार्गदर्शन

१. स्थानीय तहले आफ्नो User Name र Password राखी Iemis.cehrd.gov.np मा log in गर्ने । तत् पश्चात Dash Bord को अन्त्यमा Planning Format Excel भन्ने Icon लाइ क्लिक गरी Excel Download गर्ने।

२. यसरी Excel प्राप्त गरेपछि Macro enable, Content enable गरी आफ्नो प्रदेश, जिल्ला र स्थानीय छनौट गरी Password मा nepal123 प्रविष्टि गर्ने यसो गर्दा तपाईको स्थानीय तहको नाम उल्लेख भएको Excel तयार हुन्छ ।

३. त्यसपछि प्रगति प्रविष्टि Button मा क्लिक गरी बजेट उपशीर्षक छनौट गरी विवरण प्रविष्टि गर्ने ।**(यस पूर्व उपक्रियाकलापगत भौतिक तथा वित्तीय लक्ष्य र प्रगति तयार गरिएमा Excel मा विवरण प्रविष्टि गर्न सहज हुन्छ )**

४. क्रियाकलापगत निकासा तथा खर्चका आधारमा प्रगति विवरण तयार गर्ने।

५. प्रगति विवरणमा इकाइ लागत उल्लेख गर्दा क्रियाकलाप अन्तर्गतका उपक्रियाकलापको इकाइ लागत कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूचि १५ मा उल्लेख भए अनुसार एकाइ लागत उल्लेख गर्ने र थप भएका कार्यक्रमको हकमा स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको इकाइ लागत उल्लेख गर्ने ।

६. स्वीकृत बार्षिक बजेट प्रविष्टि LMBIS बाट प्राप्त कार्यक्रम अनुसारको सबै क्रियाकलापको बजेट (नेपाल सरकार, वैदेशिक अनुदान र ऋण समेत एकमुष्ट) **रु. हजारमा प्रविष्टि गर्ने** ।

७. मुख्य क्रियाकलाप अन्तर्गत रहेका उप क्रियाकलापहरुको भौतिक तथा वित्तीय प्रगति तयार गर्दा विद्यालयगत रुपमा गरिएको निकासाको जम्मा रकम प्रविष्टि गर्ने ।

८. भौतिक लक्ष्य र सो को प्रगति संख्यात्मक रुपमा प्रविष्टी गर्ने ।भौतिक लक्ष्य भन्नाले अनुदान उपलब्ध गराइएको शिक्षक, विद्यार्थी तथा विद्यालय संख्यालाई बुझ्नुपर्छ । वित्तीय लक्ष्य उल्लेख गर्दा सो क्रियाकलापमा आवश्यक पर्ने बार्षिक रकम उल्लेख गर्ने ।

९. बितीय लक्ष्य र प्रगति एवम् भौतिकको लक्ष्य एवम् प्रगति प्रविष्ट गरे पश्चात् प्रतिवेदन (Report) प्रिन्ट गरी रुजू गर्ने, रुजू पश्चात् सुधार गर्नुपर्ने भए सुधार गरी अन्तिम प्रतिवेदन प्रिन्ट गर्ने ।

१०. तत् पश्चात् एक्सेलको टेम्प्लेटलाई अनलाइन (iemis.cehrd.gov.np) मा अपलोड गरिदिने ।

११. प्रिन्ट भएको प्रगति प्रतिवेदन लेखा प्रमुख, शिक्षा महाशाखा/शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराइ स्क्यान गरी planning.cehrd@gmail.com मा पठाउने ।

१२. प्रगति विवरण तयारी तथा सम्प्रेषण सम्बन्धी कुनै द्विविधा भएमा ०१-६६३५१३४ वा ०१-६६३८७०४ मा सम्पर्क गर्न सकिनेछ ।